सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३३५ ♦ २०८३ साल भदौ १० बुधवार ♦ 26 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१९४, ९८०७६७५१२५, ९८४५०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## मधेसमा मधेसवादी दललाई सत्ताबाहिर राख्न

# कांग्रेस-एमाले-नेकपाको त्रिपक्षीय सत्ता सहकार्य कायम

**खबर दर्पण समाचारदाता**

**भदौ ९ गते, बर्दिवास**



प्रदेश सरकारमा कांग्रेस-एमाले गठबन्धन भत्किएपछि त्यसको प्रभाव मधेसबाहेकका छ वटा प्रदेशमा परेको छ। केन्द्रमा राजनीतिक समीकरण परिवर्तन भएसँगै अन्य प्रदेशमा नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीबीचको सहकार्यमा सरकार गठन तथा सञ्चालनको प्रक्रिया अघि बढेको छ। मधेस प्रदेशमा भने नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीबीचको गठबन्धन कायमै छ।

अन्य प्रदेशमा कांग्रेस सरकार बाट बाहिरिँदै गए पनि मधेसमा भने कांग्रेसको विकल्प खोजिएको छैन। तीन प्रमुख दलबीचको सहमतिका आधारमा प्रदेश सर कार सञ्चालन भइरहेको छ।

मधेस प्रदेश सभामा जनता समाजवादी पार्टी नेपाल सबैभन्दा ठूलो दल हो। कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीको गठबन्धन सरकार कायम रहेकाले जसपा नेपाल अहिले प्रमुख प्रतिपक्षी दलको भूमिकामा छ। अग्रगामी मोर्चामा रहेको जसपा नेपालले तत्काल सरकारमा सहभागी नहुने निर्णयसमेत गरिसकेको छ।

नेपाली कांग्रेसका नेता महेन्द्र यादवले अन्य प्रदेशमा कांग्रेस-एमाले गठबन्धन भत्किए पनि मधेस प्रदेशमा भने त्यसको असर नपर्ने दाबी गर्नुभयो। मधेसमा कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीकै सहकार्यमा सरकार सञ्चालन हुने उहाँको भनाइ छ।

“कांग्रेस-एमालेले मात्र होइन, नेकपाले पनि मधेसवादी दललाई सरकारको नेतृत्व दिन चाहेको छैन,” यादवले भन्नुभयो, “मधेसवादी दलहरूले विगत आठ वर्ष प्रदेश सरकार सञ्चालन गरे पनि संघीयतामाथि नै प्रश्न उठ्ने अवस्था आयो। त्यसैले अब कांग्रेस, एमाले र नेकपा मिलेर सरकार सञ्चालन गर्छन्।”

मधेसवादी दलको नेतृत्वमा सरकार हुँदा प्रदेशमा विभिन्न बेथिति देखिएको दाबी गर्दै यादवले ती दलले प्रभावकारी रूपमा सरकार सञ्चालन गर्न नसकेका कारण कांग्रेसले नेतृत्व लिनुपरेको बताउनुभयो।

नेकपा एमालेका नेता तथा मधेस प्रदेश इन्चार्ज लीलानाथ श्रेष्ठले जनता समाजवादी पार्टी नेपाल सरकारमा सहभागी हुन तयार नभएकाले कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टी मिलेर सरकार सञ्चालन गर्नुपरेको बताउनुभयो।

उहाँका अनुसार जसपा नेपालभित्रै सरकारमा जाने वा नजाने तथा सरकारको नेतृत्व कसले गर्ने भन्ने विषयमा मतभेद रहेको थियो। जसपा नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपालबीच एकता भए पनि एकतापछिको समायोजन लगायत विषय टुङ्गिन बाँकी रहेकाले सरकार गठनको विषयमा समेत अन्योल देखिएको उहाँको भनाइ छ।

“एमालेले जसपा नेपाललाई समेत समेटेर सरकार बनाउन चाहेको थियो। तर जसपा नेपाल नै तयार नभएपछि कांग्रेस नेतृत्वको सरकारलाई निरन्तरता दिनुपरेको हो,” श्रेष्ठले भन्नुभयो।

कांग्रेस-एमाले गठबन्धन कांग्रेसकै कारण भत्किएको दाबी गर्दै श्रेष्ठले सुदूरपश्चिमलगायत प्रदेशमा कांग्रेस एकलौटी ढङ्गले अघि बढ्न थालेपछि एमाले नयाँ राजनीतिक समीकरण बनाउन बाध्य भएको बताउनुभयो।

कांग्रेस नेता यादवले भने उक्त आरोप अस्वीकार गर्नुभयो। तत्कालीन अवस्थामा देशका दुई ठूला दल कांग्रेस र एमाले मिलेर सरकार बनाउँदा राजनीतिक रूपमा आलोचना भएको उल्लेख गर्दै उहाँले प्रदेशमा बलियो प्रतिपक्ष आवश्यक भएकाले कांग्रेस अलग भएको बताउनुभयो।

“दुई ठूला दल मिल्नु हुँदैन भन्ने आवाज व्यापक थियो। यो राजनीतिक सिद्धान्तको दृष्टिले पनि उपयुक्त थिएन। प्रदेशमा बलियो प्रतिपक्ष रहोस् भनेर कांग्रेस अलग भएको हो,” उहाँले भन्नुभयो।

मधेस प्रदेशमा भने अन्य प्रदेशको भन्दा फरक राजनीतिक समीकरण रहेको यादवले स्पष्ट पार्नुभयो।

कांग्रेस-एमाले गठबन्धन भत्किएलगत्तै मधेसमा जसपा नेपालले सरकार गठनका लागि गृहकार्यसमेत थालेको थियो। त्यसबेला एमालेले जसपा नेपाललाई सरकार गठनमा सहयोग गर्ने आश्वासन दिएको थियो। तर जसपा नेपालभित्रै सर कार गठनको विषयमा सहमति जुट्न नसकेपछि त्यो प्रयास अघि

*बाँकी पृष्ठ ३ मा*

## अधिकार र पुर्नस्थापनाको माग गर्दै

# जनकपुमा मुक्त हरवा चरवाको शक्ति प्रदर्शन

**खबर दर्पण समाचारदाता**

**भदौ ९ गते, बर्दिवास**




आफ्नो पहिचान, अधिकार र पुनःस्थापनाको माग गर्दै मधेश प्रदेशका मुक्त हरवा चरवाले मंगलबार जनकपुरधाममा दबावमूलक र्‍याली प्रदर्शन गरेका छन्।

मधेश प्रदेशका आठवटै जिल्लाबाट आएका मुक्त हरवा चरवा, अधिकारकर्मी तथा सामाजिक अभियन्ताको सहभागितामा नवगठित हरवा चरवा संघर्ष समितिको आयोजनामा र्‍याली निकालिएको हो।

प्रदेश सरकारले मुक्त हरवा चरवाका समस्या र माग सम्बोधन गर्नुपर्ने भन्दै सरकारको ध्यानाकर्षण गराउने उद्देश्यले र्‍याली आयोजना गरिएको समितिले जनाएको छ।

जनकपुरधामस्थित रेलवे स्टेशनबाट सुरु भएको र्‍याली नगरका विभिन्न मुख्य सडक हुँदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मूल गेटसम्म पुगेको थियो।

र्‍यालीमा सहभागीहरूले मुक्त हरवा चरवाको पहिचान सुनिश्चित गर्नुपर्ने, उचित पुनःस्थापना गर्नुपर्ने तथा शिक्षा,

*बाँकी पृष्ठ ३ मा*

## जनकपुरधाममा होटलको कोठामा युवती मृत फेला

**खबर दर्पण समाचारदाता**

**भदौ ९ गते, बर्दिवास**

जनकपुरधाम उपमहानगरपालिका-६ नमस्कार चोकस्थित एक होटलको कोठामा मंगलबार एक युवती मृत अवस्थामा फेला परेकी छन्।

न्यू राजधानी गेष्ट हाउसको कोठाभित्र झुण्डिएको अवस्थामा युवतीको शव फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार मृतक युवतीको पहिचान खुल्न सकेको छैन। प्रारम्भिक जानकारीअनुसार उनी खोटाङको हलेसीकी रहेको बुझिएको छ।

आफन्त आएपछि उनको पहिचान तथा घटनाबारे थप विवरण खुल्ने प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार युवती केही दिनदेखि एक युवकसँगै उक्त होटलमा बस्दै आएकी थिइन्। मंगलबार युवक होटलबाट बाहिरिएपछि युवती कोठामै रहेको र पछि उनी मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार युवती बसेको कोठाको ढोका भित्रबाटै बन्द थियो। घटनाको प्रकृति र कारणबारे अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक खनालले जानकारी दिनुभयो।

घटनाको अनुसन्धानका क्रममा प्रहरीले सिरहा घर भएका एक युवकलाई नियन्त्रणमा लिएको छ।

# रक्षाबन्धनको रौनकले तराई-मधेशमा बढायो चहलपहल

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
भदौ ९ गते, महोत्तरी



महोत्तरीसहित तराई-मधेश क्षेत्रमा रक्षाबन्धन पर्वको रौनक छाएको छ। पर्व नजिकिएसँगै बजार, गाउँ तथा बस्तीमा दिदीबहिनी र दाजुभाइबीचको प्रेम, आत्मीयता र सद्भाव झल्काउने माङ्गलिक गीत गुन्जिन थालेका छन्।

रक्षाबन्धनका लागि विभिन्न रङ, आकार र डिजाइनका राखी बजारमा बिक्रीका लागि राखिएका छन्। दिदीबहिनी राखी, मिठाई तथा अन्य सामग्री खरिद गर्न व्यस्त छन्। काम विशेषले घरबाहिर रहेका दाजुभाइलाई पर्वका दिन घर आउन निम्तो दिने क्रमसमेत बढेको छ।

विवाह गरेर माइतीघरबाट टाढा रहेका चेलीहरूले मोबाइल फोन तथा सामाजिक सञ्जालमार्फत दाजुभाइको अवस्थाबारे जानकारी लिँदै रक्षाबन्धनका दिन घर आउन निम्तो गरिरहेका छन्। अविवाहित चेलीले पनि कामका सिलसिलामा घरबाहिर रहेका दाजुभाइलाई पूर्णिमाका दिन राखी बाँध्न घर फर्कन आग्रह गरिरहेका छन्।

राखी खरिद गर्न औरही बजार पुग्नुभएकी औरही नगरपालिका-२ की मञ्जु कुमारी यादवले रक्षाबन्धनको तयारीमा समय बितेको पत्तै नहुने बताउनुभयो। उहाँका अनुसार बजारमा राखी तथा मिठाई खरिद गर्नेको चहलपहल बढेको छ।

यस वर्ष पुरुषोत्तम मास परेकाले रक्षाबन्धन भदौ १२ गते शुक्रबार मनाइँदैछ। हिन्दू धार्मिक मान्यताअनुसार तीन वर्षमा एकपटक आउने अधिकमासलाई पुरुषोत्तम मास भनिन्छ। यस महिनालाई भगवान् विष्णुको प्रिय महिनाका रूपमा लिइन्छ। पुरुषोत्तम मासमा पूजा-आराधना, व्रत, दान, जप तथा धार्मिक अनुष्ठान गर्दा पुण्य प्राप्त हुने धार्मिक विश्वास छ।

रक्षाबन्धन साउन शुक्ल पूर्णिमाका दिन मनाइने धार्मिक तथा सांस्कृतिक पर्व हो। यस दिन दिदीबहिनीले दाजुभाइको हातमा राखी बाँधेर दीर्घायु, आरोग्य, सुख, शान्ति तथा समृद्धिको कामना गर्छन्। दाजुभाइले पनि दिदीबहिनीको रक्षा गर्ने र सुख-दुःखमा साथ दिने प्रतिबद्धता जनाउने परम्परा छ।

मिथिला लोकसंस्कृतिका जानकारहरूका अनुसार रक्षाबन्धनले दाजुभाइ तथा दिदीबहिनीबीचको सम्बन्धलाई थप प्रगाढ बनाउनुका साथै पारिवारिक एकता र सामाजिक सद्भाव बलियो बनाउने गरेको छ।

औरही बजारका व्यापारीका अनुसार पर्व नजिकिएसँगै विभिन्न डिजाइन र मूल्यका राखीको माग बढेको छ। ग्राहकको रुचिअनुसार का राखी उपलब्ध गराउन व्यापारीहरू व्यस्त छन्।

औरही बजारका व्यापारी ३५ वर्षीय शम्भु साहले रक्षाबन्धन नजिकिएसँगै राखी खरिद गर्ने ग्राहकको चहलपहल बढेको बताउनुभयो। उहाँका अनुसार विशेषगरी दिदीबहिनीले नयाँ डिजाइनका राखी खोज्ने गरेका छन्।

औरही नगरपालिका-१ का राखी व्यापारी ४० वर्षीय रामपुकार साहले पनि विभिन्न रङ, डिजाइन र मूल्यका राखी बिक्री भइ रहेको बताउनुभयो। उहाँका अनुसार नयाँ डिजाइनका आकर्षक राखीप्रति ग्राहकको रुचि बढी देखिएको छ।

महिला व्यापारी कोसिला देवीका अनुसार पछिल्ला दिनमा राखी खरिद गर्ने दिदीबहिनीको सङ्ख्या बढेको छ। विभिन्न रङ र डिजाइनका आकर्षक राखीको माग बढी रहेको उहाँले बताउनुभयो।

पर्वका लागि काम विशेषले घरबाहिर रहेका दाजुभाइ पनि घर फर्कने तयारीमा छन्। टेलिफोन तथा सामाजिक सञ्जालमार्फत दाजुभाइ घर आउने जानकारी पाएपछि दिदीबहिनीमा खुसी बढेको छ।

औरही नगरपालिका-१ की पूजा कुमारी चौधरीका दाजु पञ्जाबबाट रक्षाबन्धन मनाउन घर फर्किने भएपछि उहाँ उत्साहित हुनुहुन्छ। "दाजुलाई आफ्नै हातले राखी बाँधेर मिठाई खुवाउने र उहाँको सुख, शान्ति, दीर्घायु तथा सफलताको कामना गर्ने तयारीमा छु," उहाँले भन्नुभयो।

गौशाला नगरपालिका-१० की २५ वर्षीया रञ्जना कुमारी महतो पनि दाजुभाइ घर आउने भएपछि रक्षाबन्धनको तयारीमा जुट्नुभएको छ। उहाँले दाजुभाइका लागि राखी र मिठाई खरिद गर्ने तयारी भइरहेको बताउनुभयो।

गौशाला नगरपालिका-१० का ५१ वर्षीय मनिकलाल महतोले र क्षाबन्धनले दाजुभाइ तथा दिदीबहिनीबीचको प्रेम, आत्मीयता र सम्बन्धलाई थप प्रगाढ बनाउने बताउनुभयो। वर्षभरि आ-आफ्नो काममा व्यस्त भए पनि पर्वका दिन परिवारका सदस्य एकै ठाउँमा भेला भएर खुसी साटासाट गर्ने अवसर मिल्ने उहाँको भनाइ छ।

औरही उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष श्रवण चौधरीले बजारका चोक तथा हाटबजारमा गुञ्जिएका रक्षाबन्धनसम्बन्धी गीतले पर्वको माहोल थप रमाइलो बनाएको बताउनुभयो। दिदीबहिनीले राखीका साथै दाजुभाइलाई खुवाउने मिठाई तथा विभिन्न परिकारको तयारी समेत थालेका छन्।

मिथिला क्षेत्रमा प्रचलित जनविश्वासअनुसार सत्ययुगमा दानवराज बलिलाई उनकी बहिनी गङ्गा र यमुनाले युद्धमा जानुअघि विजयको कामना गर्दै रक्षाबन्धन बाँधेका थिए। बलिको विजयको सम्झनामा साउन शुक्ल पूर्णिमाका दिन दिदीबहिनीले दाजुभाइको सुख, समृद्धि र दीर्घायुको कामना गर्दै राखी बाँध्ने परम्परा बसेको जनविश्वास छ।

पर्वका अवसरमा ब्राह्मण तथा पुरोहितले शास्त्रोक्त विधिवाट अभिमन्त्रित रक्षासूत्र यजमानलाई बाँधिदिने परम्परा रहे पनि मिथिला क्षेत्रमा दिदीबहिनीले आफ्नै हातले दाजुभाइलाई राखी बाँध्ने चलन प्रमुख मानिन्छ।

रक्षाबन्धनले चेली-माइतीबीचको सम्बन्ध सुधारमा समेत भूमिका खेल्ने गरेको स्थानीयवासी बताउँछन्। औरही नगरपालिका-२ का ४८ वर्षीय दिनेश यादवका अनुसार यसअघि मनमुटाव भएका दाजुभाइ तथा दिदीबहिनीसमेत पर्वका अवसरमा एकअर्कालाई भेट्ने र सम्बन्ध सुधार्ने गर्छन्।

दिदीबहिनी नभएका पुरुष तथा दाजुभाइ नभएका महिलाले नजिकका नाता वा आफूले दाजुभाइ मानेका व्यक्तिलाई राखी बाँध्ने चलनसमेत मिथिला क्षेत्रमा रहेको छ। दाजुभाइ भेट हुन नसक्ने अवस्थामा राखी खाममा राखेर हुलाकमार्फत पठाउने परम्परा समेत कायमै छ।

विगतमा तराई-मधेश क्षेत्रमा बढी प्रचलित रक्षाबन्धन पछिल्लो समय सांस्कृतिक घुलमिलसँगै अन्य समुदायमा पनि विस्तार हुँदै गएको छ। पर्वते समुदायका चेली तथा मुस्लिम समुदायका दिदीबहिनीले समेत आफूले दाजुभाइ मानेका व्यक्तिलाई राखी बाँध्ने क्रम बढेको स्थानीयवासी बताउँछन्।

महोत्तरीमा पछिल्ला वर्षमा मुस्लिम समुदायका युवाले हिन्दू महिलालाई दिदीबहिनी तथा मुस्लिम समुदायका चेलीले हिन्दू युवालाई दाजुभाइ मानेर राखी बाँध्ने क्रम बढेको छ। यसले रक्षाबन्धनलाई धार्मिक सीमाभन्दा माथि उठेर आपसी सद्भाव, भाइचारा र सामाजिक एकताको पर्वका रूपमा स्थापित गर्न योगदान पुऱ्याएको स्थानीयवासीको भनाइ छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेसमा ....

बढ्न सकेन।

जसपा नेपाल र लोसपा नेपालबीच एकता भए पनि पार्टी संरचना तथा जिम्मेवारी बाँडफाँटको काम पूरा भइसकेको थिएन। निर्वाचन आयोगबाट पार्टी एकताको आधिकारिक जानकारीसमेत प्रदेशमा नपुगेका कारण सरकार गठनको प्रक्रिया थप जटिल बनेको थियो।

त्यसपछि एमालेले कांग्रेसलाई नै समर्थन गर्ने निर्णय गरेको नेताहरू बताउँछन्। केन्द्रमा समेत मधेस प्रदेशका हकमा कांग्रेस-एमालेबीच छुट्टै सहमति भएको दाबी गरिएको छ। अन्य प्रदेशमा गठबन्धन परिवर्तन भए पनि मधेस प्रदेशमा भने वर्तमान सरकारलाई निरन्तरता दिने सहमति भएको स्रोतको भनाइ छ।

यही राजनीतिक अवस्थालाई दृष्टिगत गर्दै जसपा नेपालले पनि प्रदेश सभाको अर्को निर्वाचनसम्म सरकारमा सहभागी नहुने निर्णय गरेको बताइएको छ। उक्त निर्णय कार्यान्वयनमा रहेमा मधेस प्रदेशमा कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीकै सहकार्यमा सरकार सञ्चालन हुने सम्भावना बलियो देखिएको छ।

यसबीच लुम्बिनी प्रदेशमा भने एमाले नेतृत्वको सरकारमा जसपा नेपालका दुई जना मन्त्री सहभागी भएका छन्। आफ्ना पार्टीका नेताहरू एमाले नेतृत्वको सरकारमा सहभागी भएको विषयमा जसपा नेपालले आपत्ति जनाउँदै उनीहरूलाई सरकारबाट फिर्ता हुन निर्देशनसमेत दिएको छ। पार्टीले फिर्ताका लागि पत्र पठाए पनि दुवै मन्त्री हालसम्म सरकारबाट बाहिरिएका छैनन्।

प्रदेशगत रूपमा बदलिएको राजनीतिक समीकरणबीच मधेसमा भने कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीबीचको सहकार्यले निरन्तरता पाएको छ। जसपा नेपाल प्रतिपक्षमा रहने निर्णयमा कायम रहे मधेस प्रदेशको वर्तमान सत्ता समीकरण तत्काल परिवर्तन नहुने देखिएको छ।

# अधिकार र पुर्नस्थापनाको....



स्वास्थ्य, रोजगारी र जीविकोपार्जनका अवसर उपलब्ध गराउनुपर्ने माग गरेका थिए ।

संघर्ष समितिका सदस्य लागेन्द्र सदाले सरकारले माग सम्बोधनका लागि ठोस प्रतिबद्धता नजनाएसम्म आन्दोलन जारी रहने बताए ।

उनका अनुसार हरवा चरवा प्रथा अन्त्य भएको घोषणा गरिए पनि त्यसबाट मुक्त भएका धेरै परिवार अझै भूमि, आवास, रोजगारी र सामाजिक सुरक्षाजस्ता आधारभूत अधिकारबाट वञ्चित छन् ।

मुक्त हरवा चरवाको जीवनस्तर सुधारका लागि राज्यले प्रभावकारी पुनःस्थापना कार्यक्रम सञ्चालन गर्नुपर्ने उनीहरूको माग छ ।

विगतमा गरिएका घोषणा र प्रतिबद्धता कार्यान्वयनमा नआएको भन्दै उनीहरूले प्रदेश सरकारलाई तत्काल ठोस कदम चाल्न आग्रह गरेका छन् ।

संघर्ष समितिले आन्दोलनको दोस्रो चरणअन्तर्गत भदौ १० गते बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअगाडि धर्ना दिने जनाएको छ ।

धर्नाका क्रममा प्रदेश सरकारलाई मागपत्र बुझाउँदै मुक्त हरवा चरवाका समस्या तत्काल सम्बोधन गर्न दबाब दिने समितिको तयारी छ ।

समितिले सरकारले माग सम्बोधनमा बेवास्ता गरे आन्दोलनलाई थप सशक्त बनाउने चेतावनीसमेत दिएको छ ।

# मधेश प्रहरीलाई सञ्चार.....

प्रहरी कार्यालयका प्रमुख ओमप्रसाद अधिकारीलाई हस्तान्तरण गरेका हुन् ।

सञ्चार प्रणालीलाई आधुनिक र व्यवस्थित बनाउँदै प्रहरीका विभिन्न इकाइबीच सूचना आदानप्रदान तथा समन्वयलाई सहज बनाउने उद्देश्यले सामग्री उपलब्ध गराइएको मन्त्री महतोले बताए ।

उनका अनुसार सुरक्षित र शान्त मधेश निर्माणका लागि प्रहरीलाई आवश्यक स्रोत साधन सम्पन्न बनाउनु प्रदेश सरकारको प्राथमिकतामा रहेको छ ।

मन्त्री महतोले शान्ति सुरक्षा कायम गर्न प्रहरीको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै आवश्यक प्रविधि तथा उपकरण उपलब्ध गराउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । सञ्चार साधनको पर्याप्त उपलब्धताले सुरक्षा व्यवस्थापन, सूचना सम्प्रेषण र प्रहरीबीचको समन्वयलाई थप चुस्त बनाउन सहयोग पुग्ने उनको भनाइ छ ।

मन्त्रालयका अनुसार हस्तान्तरण गरिएका सञ्चार सामग्रीको प्रयोगसँगै प्रदेश प्रहरीका विभिन्न कार्यालय तथा सुरक्षा इकाइबीच सूचना आदानप्रदान थप प्रभावकारी हुने विश्वास गरिएको छ ।

विशेषगरी सुरक्षा चुनौतीका समयमा प्रहरीको तत्काल समन्वय र परिचालनमा यसले सहयोग पुग्ने मन्त्रालयको विश्वास छ ।

कार्यक्रममा मधेश प्रदेश प्रहरी कार्यालयका अधिकारी तथा गृह, सञ्चार तथा कानुन मन्त्रालयका कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो ।

## सार्वजनिक स्थलमा धुम्रपान नगरौं ।

## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- ❖ सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- ❖ विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- ❖ आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- ❖ सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- ❖ चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- ❖ अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- ❖ संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- ❖ समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- ❖ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- ❖ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- ❖ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- ❖ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- ❖ घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- ❖ रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- ❖ घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- ❖ झुल लगाएर खाटमा सुत्ने गरौं।

**गणेशमान चारनाथ नगरपालिका, धनुषा**



# मधेसमा आज मुस्लिम धर्मावलम्बीलाई बिदा

**खबर दर्पण समाचारदाता**

**भदौ ९ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले मोहम्मद जयन्ती (मोहम्मद दिवस) का अवसरमा प्रदेशमा मुस्लिम धर्मावलम्बीका लागि बिदा दिने निर्णय गरेको छ।

मधेश प्रदेश सरकार, गृह, सञ्चार तथा कानुन मन्त्रालयले मंगलबार सूचना जारी गर्दै आगामी भदौ १० गते बुधबार परेको मोहम्मद जयन्तीका दिन मुस्लिम धर्मावलम्बीका लागि बिदा हुने जनाएको हो।

नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार मोहम्मद जयन्तीका दिन नेपाली मुस्लिम धर्मावलम्बीका लागि बिदा दिने व्यवस्था भएबमोजिम प्रदेश सरकारले उक्त दिन बिदा दिने निर्णय गरेको मन्त्रालयका प्रवक्ता राधेश्याम प्रसाद पालद्वारा जारी सूचनामा उल्लेख छ।

मन्त्रालयले मोहम्मद जयन्तीका दिन प्रदेशमा मुस्लिम धर्मावलम्बीका लागि बिदा दिने निर्णय गरिएको जानकारी गराउँदै सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरेको जनाएको छ।

मोहम्मद जयन्ती इस्लाम धर्मका प्रवर्तक पैगम्बर मोहम्मदको जन्मदिनका रूपमा मुस्लिम समुदायले धार्मिक तथा सांस्कृतिक महत्वका साथ मनाउँदै आएको पर्व हो। यस अवसरमा मुस्लिम समुदायले विभिन्न धार्मिक कार्यक्रम, प्रार्थना तथा सामाजिक गतिविधि आयोजना गर्ने गर्दछन्।

मधेश प्रदेशमा मुस्लिम समुदायको उल्लेख्य जनसंख्या रहेको छ। प्रदेशका विभिन्न जिल्लामा मोहम्मद जयन्तीका अवसरमा धार्मिक तथा सामाजिक कार्यक्रम आयोजना हुने गरेका छन्।

गृह, सञ्चार तथा कानुन मन्त्रालयले जारी गरेको सूचनामा मोहम्मद जयन्तीका दिन मुस्लिम धर्मावलम्बीका लागि बिदा दिने व्यवस्था कार्यान्वयन गर्न सम्बन्धित सबैलाई जानकारी गराइएको छ।

मन्त्रालयका प्रवक्ता पालले हस्ताक्षर गर्नुभएको सूचनामा नेपाल राजपत्रमा प्रकाशित व्यवस्थाअनुसार प्रदेश सरकार ले बिदासम्बन्धी निर्णय गरेको जनाइएको छ।

# मधेश प्रहरीलाई सञ्चार सामग्री हस्तान्तरण



**खबर दर्पण समाचारदाता**

**भदौ ९ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले प्रदेश प्रहरीको सञ्चार प्रणालीलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन विभिन्न सञ्चार सामग्री हस्तान्तरण गरेको छ।

मधेश प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयले खरिद गरेका सञ्चार सामग्री मन्त्रालय परिसरमा आयोजित एक कार्यक्रमबीच मधेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले मधेश प्रदेश

*बाँकी पृष्ठ ३ मा*


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा**

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**धनुषाधाम नगरपालिका, धनुषा**

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,